**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालमा विधानसभा चुनाव अघि भारतीय जनता पार्टीको तयारीलाई तिखार्न केन्द्रीय गृह एवं सहकारिता मंत्री अमित शाह कोलकाता आई पुग्नुभएको छ ।
- पश्चिमबंगालकी मुख्यमन्त्री ममता बनर्जीले हिज कोलकाताको उत्तरी किनारमा रहेको न्यू टाउनमा दुर्गा आँगनको शिलान्यास गर्दै एउटा प्रमुख सांस्कृतिक परियोजनाको औपचारिक शुभारम्भ गर्नुभएको छ 1
- पश्चिम बंगालमा निर्वाचन आयोगको कार्यालयले विशेष श्रेणीका मतदाताहरुको समस्या कम गर्न ठूलो निर्णय लिएको छ।
- सिलिगुडी नगर निगमले शहरलाई स्वच्छ र आधुनिक बनाउने दिशामा ठूलो कदम चालेको छ।
- नयाँ वर्ष २०२६ मा फेरि 'बक्सा पक्षी महोत्सव शुरु हुँदैछ।

**भारतीय जनता पार्टी -केंद्रीय गृह -पश्चिम बंगाल**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि भारतीय जनता पार्टीको तयारीलाई तिखार्न केन्द्रीय गृह एवं सहकारिता मंत्री अमित शाह हिज साँझ ७.३० बजे कोलकाता आई पुग्नुभयो । एयरपोर्टबाट उहाँ सीधै साल्ट लेकमा पार्टी मुख्यालयमा जानुभयो , जहाँ उहाँको आगमनसँगै सांगठानिक बैठकहरूको एक श्रृंखला अशुरु भयो।श्री अमित शाहको स्वागतका लागि पार्टी मुख्यालयमा ढोल बजाइएको थियो ।भारतीय जनता पार्टी अनुसार, श्री अमित शाहको यो तीन दिवशीय भ्रमण चुनावी रणनीतिका हिसाबले निकै महत्वपूर्ण मानिएको छ । कोलकाता आइपुगेपछि उहाँले पार्टीका शीर्ष नेताहरूसँग भेट गरी राज्य संगठनको अवस्थाको समीक्षा गर्नुभयो । पार्टीका वरिष्ठ नेता तथा पदाधिकारीसँगको बैठकमा स्थलगत अवस्था, कार्यकर्ता सक्रियता र आगामी निर्वाचनको तयारीबारे विस्तृत चर्चा हुने बताइएको छ ।भ्रमणका क्रममा श्री अमित शाहले विभिन्न तहका पार्टी कार्यकर्ताहरूसँग अन्तरक्रिया गर्नुहुनेछ । यी बैठकहरूमा संगठनको शक्ति, बुथस्तरको तयारी र निर्वाचन समन्वयमा ध्यान केन्द्रित हुनेछ ।श्री शाहले भाजपा विधायक, सांसद र कोलकाता महानगरपालिकाका पार्षदहरूसँग छुट्टाछुट्टै बैठक गर्नुहुनेछ। यी बैठकहरुमा सहरी क्षेत्रको राजनीति र संगठनलाई बलियो बनाउने रणनीतिका बारेमा चर्चा हुने बताइएको छ ।भाजपाको एक्स ह्यान्डल अनुसार केन्द्रीय मन्त्री श्री शाहले बिहान ११.३० बजे कोलकातामा पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। राजधानीको एक होटेलमा पत्रकार सम्मेलन हुनेछ। लगभग दुई घण्टापछि सोही होटलमा भाजपाको प्रदेश कोर कमिटीको बैठक बोलाइएको छ। बैठकमा भाजपा नेता श्री शाह पनि उपस्थित हुनेछन्।

**पश्चिम बंगाल - मुख्यमंत्री ममता बनर्जी - दुर्गा आंगन शिलान्यास**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हिज कोलकाताको उत्तरी किनारमा रहेको न्यू टाउनमा दुर्गा आँगनको शिलान्यास गरेर एउटा प्रमुख सांस्कृतिक परियोजनाको औपचारिक शुभारम्भ गर्नुभएको छ 1 उहाँले दार्जीलिङ जिल्लाको सिलिगुडीमा प्रस्तावित महाकाल मन्दिरको शिलान्यास गर्ने मिति पनि घोषणा गर्नुभयो। मुख्यमन्त्री ब्यनार्जीले हिज दुर्गा आंगनको शिलान्यास भएको र अब यसको निर्माणको काम सुरु हुने बताउनुभएको छ। सिलिगुडीमा महाकाल मन्दिरको शिलान्यास अर्को महिनाको जनवरीको दोस्रो हप्तामा गरिने उहाँले बताउनु भएको छ1 यसका लागि जमीनको पहिचान भइसकेको छ भने शिलान्यासको

मिति पनि तय भइसकेको छ। ममता बनर्जीले लगभग  दुई लाख वर्ग फिटको क्षेत्रमा दुर्गा आंगन विकास गरिने बताउनु भएको छ । कम्प्लेक्समा एकैपटक लगभग  एक लाख श्रद्धालु र दर्शनार्थीलाई  अटाउने क्षमता हुनेछ। दुर्गा आङ्गनलाई धार्मिक स्थलका रुपमा नहेर्न सांस्कृतिक परिसर हुने र त्यसले ठूलो संख्यामा रोजगार समेत पाउने उहाँले  स्पष्ट पार्नुभएको छ ।

**पश्चिम बंगाल- विशेष श्रेणीको  मतदाता -फैसला**

पश्चिम बंगालमा निर्वाचन आयोगको कार्यालयले विशेष श्रेणीका मतदाताको समस्या कम गर्न ठूलो निर्णय लिएको छ। मुख्य निर्वाचन अधिकारी  मनोज अग्रवालले ८५ वर्षभन्दा माथिका बुजुर्ग , विशेष गरी अशक्त व्यक्ति, कुनै पनि उमेरका गम्भीर बिरामी र गर्भवती महिलाहरुलाई सुनुवाइका लागि नबोलाइने स्पष्ट पारेका छन्। यी सबै मामिलाहरूमा, सुनुवाइको सूचना घरमा दिइनेछ र प्रक्रिया पूरा हुनेछ।मुख्य निर्वाचन अधिकारी ले हिज  घटनाक्रमपछि सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन पुलिस महानिर्देशक र पुलिस  आयुक्तलाई निर्देश दिएका छन्। जिल्ला प्रशासनले राज्य पुलिस मार्फत  सबै सम्बन्धित अधिकारी र कर्मचारीको सुरक्षाको सुनिश्चितता गर्न लागिएको जानकारी दिएको छ। मुख्य निर्वाचन अधिकारीले बुथ स्तर  एजेन्ट-२ सम्बन्धी दिशानिर्देशहरूको बारेमा भारतको निर्वाचन आयोगलाई पहिले नै अनुरोध गरिसकेका छन्। विशेष पर्यवेक्षक सी मुरुगनसँग सम्बन्धित घटनाको पूर्ण रिपोर्ट जिल्ला मजिस्ट्रेट, पुलिस महानिदेशक र नोडल पुलिस अधिकारीसँग मागिएको छ। पाइलट कार उपलब्ध नगरेको आरोप सहित सबै पक्षको रिपोर्ट प्राप्त भएपछि जाच  गरिनेछ। यदि आवश्यक पर्यो भने राज्य सरकारले केन्द्रीय बलको माग पनि भारतको निर्वाचन आयोगमा राख्नेछ।

**भारतीय जनता पार्टी -पश्चिम बंगाल प्रदेश अध्यक्ष**

पश्चिम बंगालका भाजपा अध्यक्ष तथा राज्यसभा सांसद समिक भट्टाचार्यले राज्यको वर्तमान अवस्थालाई लिएर तृणमूल कांग्रेसमाथि कठोर  हमला गर्नुभएको छ l हिज  साल्ट लेकस्थित भाजपा कार्यालयबाट पत्रकारहरु संग बातचीत गर्नुहुदै  उहाँले पश्चिम बंगालमा जारी हिंसा र अराजकताका लागि तृणमूल कांग्रेस जिम्मेवार रहेको बताउनु भएको छ l  भाजपाका प्रदेश अध्यक्षले हुमायूँ कबीरको पार्टी तृणमूल कांग्रेसको 'प्लान बी' भएको बताउनु भएको छ  । उहाँले  राज्यमा लोकतन्त्र, कानून व्यवस्था र सामाजिक सद्भाव बचाउन जनताले सतर्क रहनुपर्छ र तृणमूल कांग्रेसको राजनीतिलाई जस्तोसुकै जवाफ दिनु पर्ने अपिल गर्नुभएको छ l

**सिलिगुडी नगर निगम- क्यूआर कोड स्थापना**

सिलिगुडी नगर निगमले शहरलाई स्वच्छ र आधुनिक बनाउने दिशामा ठूलो कदम चालेको छ। अब नगरपालिका क्षेत्रका प्रत्येक घरमा स्थानमा आधारित क्यूआर कोड स्थापना गरिनेछ, जसले घरघर  फोहोर संकलन प्रणालीको डिजिटल निगरानी गर्न सक्षम हुनेछ। यो नयाँ प्रणाली अन्तर्गत हरेक घरबाट हरेक दिन समयमै र उचित तरिकाले फोहोर संकलन भइरहेको छ कि छैन भन्ने कुरा प्रत्यक्ष रूपमा हेरिनेछ। सम्पूर्ण प्रक्रियाको निगरानी  सिलिगुडी नगर निगम र ठोस फोहोर प्रबन्धनको लागि जिम्मेवार निकाय सुडाले गर्नेछ। निर्मल साथी वा निर्मल बन्धुले फोहोरमैला उठाउने क्रममा त्यो क्यूआर कोड स्क्यान गर्दा कुन घरबाट कुन समय फोहोर उठाइएको हो भन्ने कुरा स्वतः रेकर्ड हुन्छ। यसले सम्पूर्ण प्रणालीको वास्तविक समय निगरानी गर्न सक्षम गर्दछ।

**'बक्सा पक्षी महोत्सव**

नयाँ वर्ष २०२६ मा फेरि 'बक्सा पक्षी महोत्सव  शुरु हुँदैछ। वन विभागको पहलमा बक्सा टाइगर रिजर्भमा ६ जनवरी देखि ९ जनवरी सम्म महोत्सव आयोजना हुनेछ। यस प्रकारको पहिलो आयोजना सन् २०१७ मा सुरु भएको थियो। यसपछि लगातार सात वर्षसम्म यो पक्षी महोत्सव सफलतापूर्वक आयोजना गरिएको थियो। तर, गत वर्षदेखि सुरु भएको तयारी भए पनि अन्तिम समयमा कार्यक्रम रद्द गर्नुपरेको थियो। यसै कारणले अब यो पर्व आगामी वर्षको सुरुवातमा आठौं वर्षमा प्रवेश गर्न गइरहेको छ। महोत्सवको मुख्य स्थान बक्सा टाइगर प्रोजेक्टको पूर्वी डिभिजन जयन्ती रेन्ज कार्यालय नजिकै हुनेछ। सहभागीहरुले यहा रात्री बिश्राम गर्नेछ अनि यहि आधार शिविर बनाइने छ। विभिन्न विषयमा शिविर र चर्चा  सत्रको पनि आयोजना गरिनेछ। बर्ष २०२३ सम्म पक्षी महोत्सवका लागि क्याम्पिङ ग्राउण्ड राजाभट्खावामा थियो, तर २०२४ देखि जयन्तीमा क्याम्पिङको व्यवस्था गरिएको छ। बक्सा टाइगर रिजर्भका डीएफओ (पूर्व) देबाशिष शर्माले  ६ जनवरी देखि चार दिवशीय  बक्सा पक्षी महोत्सव शुरु हुने

बताउनुभएको छ । यस महोत्सव को मुख्य उद्देश्य बक्सा क्षेत्रको चराको विविधतालाई उजागर र विश्लेषण गर्नु रहेको छ। बक्साको जंगलमा लगभग ४ सय प्रजातिका चराचुरुङ्गी पाइने अनुमान गरिएको छ । यस वर्ष सकेसम्म धेरै चराहरूको रेकर्ड गर्ने प्रयास गरिनेछ।

**खरसाङ - ड्रग्स बिक्री निगरानी**

खरसाङ महकुमा पुलिस अधिकारी निरजा शाहको नेतृत्वमा आज खरसाङ क्षेत्रमा पहिले ड्रग्स बिक्री अनि सेवन गर्नेहरूको घर - घरमा गएर निरिक्षण गर्नुभएको छ। उहाँले पुलिसको रेकर्डमा रहेका ड्रग्स बिक्रेता अनि सेवनकर्ताहरू सँग अनि उनीहरूको परिवार सँग भेटर सोधपुछ पनि गर्नुभयो। खरसाङलाई ड्रग्समुक्त बनाउने यस अभियानमा महकुमा पुलिस अधिकारी निरजा शाह आफ्नो व्यक्तिगत फोन नम्बर पनि सार्वजनिक गर्नुहुदै कसैले पनि ड्रग्स ओसार-पसार वा सेवन गरेको थाहा पाए आफूलाई सम्पर्क गर्न अनुरोध गर्नुभएको छ।

**Byte- SDPO KURSEONG**

****** ० ******